Received Date: April 2023 Revised: May 2023 Accepted: June 2023

# नेपालमा सूचनाको हक र सूचना सदाचार

**श्रीराम पौडेल**
पत्रकारिता, विभागीय प्रमुख
रत्न राज्यलक्ष्मी क्याम्पस, त्रि.वि.
Email : srpaudel@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v3i01.59083

## सारसङ्क्षेप

*नेपालमा सूचनाको हकको प्रचलन र अभ्यास क्रमशः फराकिलो हुँदै गएको सन्दर्भमा सूचना सदाचार (Information Integrity)[1] चासोको विषय बनेको छ । एकातर्फ नागरिकले सूचना मागे वा नमागे पनि सार्वजनिक निकायले आफ्ना गतिविधि अध्यावधिक रुपमा स्वतः प्रकाशन गर्नुपर्ने सूचनाको हक सम्बन्धी कानुनले निर्दिष्ट गरेको प्रावधान सन्तोषजनक रुपमा कार्यान्वयन भएको पाइदैन । अर्कोतर्फ नागरिकले आफ्नो चासोको विषयमा माग गरेका सूचना सहज ढंगले प्राप्त गर्न सकेका छैनन् र प्राप्त गरेकै सूचनामा भर पर्न सकिने अवस्था छैन । यसबाट सूचनाको प्रदुषण बढ्नसक्ने जोखिम छ । प्रस्तुत आलेखमा नेपालमा सूचनाको हकको अभ्यास र सूचना सदाचारका आयाम बारे मामिला अध्ययन र व्याख्यात्मक विधि अपनाएर विश्लेषण गरिएको छ । एकातर्फ सार्वजनिक निकायहरुले समूचित रुपमा सूचना प्रवाह गर्न सकेका छैनन् भने अर्कोतर्फ मिथ्या वा प्रदुषित सूचनाको मात्रा बढ्दैजाँदा समाजमा नकारात्मक प्रभाव बढ्दै गएको पाइएको छ ।*

**शब्दकुञ्जी :** सूचनाको हक, स्वतःप्रकाशन, सूचना, सदाचार, सूचनाको विश्वसनीयता

## विषय परिचय

सूचना नै लोकतन्त्रको आत्मा र शक्ति भएकोले सूचनाको हकलाई मौलिक अधिकारको रुपमा उच्च सम्मान दिइएको छ । सरकारले कसरी काम गरेको छ भन्ने थाहा पाउने अधिकार हरेक नागरिकसँग हुन्छ । सरकारबाट सूचना प्राप्त गर्न, सरकारका कुनै पनि कागजपत्र हेर्न एवं वर्गीकृत सूचनाका प्रमाणित गरिएका दस्तावेज प्राप्त गर्न सूचनाको हकले हरेक नागरिकलाई अधिकार दिएको छ ।

जनप्रतिनिधिहरु, उनीहरुलाई निर्वाचित गर्ने जनताप्रति जवाफदेही हुनुपर्दछ, न कि उनीहरुलाई शासन गर्ने । जनप्रतिनिधिले जिम्मेवारी वहन गरे कि गरेनन् भन्ने परीक्षण गर्ने वा थाहा पाउने जनताको स्वाभाविक अधिकार हो । सम्भव भएसम्मको अधिकतम सूचना जनतालाई सहजै उपलब्ध हुनुपर्छ । यो नै सूचनाको हक हो । सरकारलाई जवाफदेही र जिम्मेवार बनाउन सूचनाको हक एक औजार बन्न सक्दछ ।

सूचनाको हकको कार्यान्वयनसँगै प्राप्त सूचनाको विश्वसनीयता अर्को अध्ययनको विषय बनेको छ । सूचना सदाचार अवधारणाले सूचनामाथिको निर्भरता वा विश्वसनियतालाई जनाउँछ । विशेष रुपमा यसले सूचना सामग्री, प्रक्रिया र प्रणालीको विश्वसनीयता, स्थिरता र शुद्धतालाई जनाउँछ ।

---

[1] Information Integrity लाई शाब्दिक अर्थमा सूचनाको प्रामाणिकता, सत्यनिष्ठता वा अविभाज्यता भन्ने रुपमा अर्थ्याइए पनि यो आलेखमा 'सदाचार' शब्द प्रयोग गरिएको छ । प्रज्ञा नेपाली बृहत् शब्दकोश (पृ. १२४८) मा सदाचारलाई 'व्यवहारमा गर्नुपर्ने राम्रो' भनिएको छ । सूचना सदाचारले यसको कारोवारमा विश्वसनीयता, स्थिरता र शुद्धता जस्ता पक्षलाई जनाउँछ ।

## समस्याको कथन

सार्वजनिक संस्था, सार्वजनिक जीवनमा रहेका वा नरहेका व्यक्तिबाट सूचना एवं विचार प्रवाह गर्ने क्रम बढ्दै गएको छ । सूचना प्रविधिको विकाससँगै सञ्चार माध्यमको पहुँच, स्वरुप र परिभाषा बदलिएका छन् । समाचार पोर्टल र सामाजिक सञ्जाल मिडियाको नयाँ मूलधार बनेका छन् । सूचना र विचार प्रवाहका लागि परम्परागत मिडियामा मात्र केन्द्रीत हुनपर्ने अवस्था अब हटेको छ । अजेण्डा स्थापित गर्न वैकल्पिक माध्यमहरु पनि सफल भइरहेका छन् । अहिले आम मानिसले आम मानिसलाई सूचना विचार दिइरहेकै छन् । इन्टरनेटले परिवर्तन ल्याउनुअघि आमसञ्चार माध्यमले आम मानिसका लागि समाचार विचार पस्किन्थे । अहिले सूचना विचारको आयतन यति ठूलो भइसक्यो कि मिथ्या वा प्रदुषित सूचनाको मात्रा पनि बढ्दै गएको छ । यही सन्दर्भमा त्यस्ता सूचनाको प्रामाणिकता, विश्वसनीयता, उपयोगीता एवं प्रभावका बारेमा सोच्नु वा विश्लेषण गर्नु आवश्यक भएको छ । यो आलेखका लागि सूचना प्रवाह र सूचना सदाचारमा सार्वजनिक निकाय गंभिर छन् त ? भन्ने नै मुख्य अनुसन्धान प्रश्न रहेको छ ।

## अध्ययनका उद्देश्य

सूचनाको हकले सार्वजनिक निकायहरुलाई आफ्ना काम कारवाही पारदर्शी ढंगले अघि बढाउन प्रेरित गर्दछ । यसका लागि नागरिक सूचना माग्न नआएपनि तीन तीन महिनामा आफ्ना गतिविधि स्वतः प्रकाशन गर्नु सार्वजनिक निकायको दायित्व हो भने माग्न आएको सूचना दिनु उनीहरुको कर्तव्य हो । यो आलेखको मुख्य उद्देश्य सूचना प्रवाहको स्थितिसँगै सूचना सदाचारको विषयलाई के कसरी आत्मसात् गरेका छन् ? भनी विश्लेषण गर्नु रहेको छ । यो पक्षलाई हृदयङ्गम गर्दै निर्दिष्ट उद्देश्यहरुमाः (क) सूचनाको हकको कार्यान्वयनको स्थिति विश्लेषण गर्नु र (ख) सूचना सदाचार कायम भए नभएको परीक्षण गर्नु रहेका छन् ।

## सैद्धान्तिक पर्याधार

सन् १९९० पछि विश्वमा देखिएको प्रजातान्त्रिक लहरसँगै सूचनाको हकको विषयले प्राथमिकता पाउँदै आएको छ । त्यसवखत विश्वभर १४ मुलुकले मात्र सूचनाको हकको अभ्यास गरेका थिए भने सन् २०२३ सम्म १३४ मुलुकले सूचनाको हकलाई संवैधानिक वा कानुनी प्रबन्ध गरी लागू गरेका छन् (पौडेल, २०७८, Paudel, 2023) ।

प्रजातान्त्रिक शासन प्रणालीमा जनताका निर्वाचित प्रतिनिधिहरुले नीति बनाउँछन् र तिनको कार्यान्वयन गर्दछन् । जनतालाई सार्वभौम मानिन्छ र सिद्धान्ततः उनीहरु आफैबाट शासित हुन्छन् । सबै नागरिक राज्यका हरेक मामिलामा स्वयं सहभागी हुन नसक्ने भएकाले प्रतिनिधित्वको प्रणाली अपनाइएको हो । नीति निर्माण र कार्यान्वयनका लागि राज्यका मुख्य अंगहरु- व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका- शक्तिपृथकीकरणको सिद्धान्त अँगाल्दै लोकतान्त्रिक विधिअनुसार नै गठन भएका हुन्छन् । आफू सहभागी हुन नपाए पनि राज्यका काम कारवाही बारे जानकारी राख्न पाउनु लोकतान्त्रिक व्यवस्थामा जनताको स्वाभाविक अधिकार हो । यसलाई सूचनाको स्वतन्त्रता (Freedom of Information) र थाहा पाउने अधिकार (Right to Know) पनि भनिन्छ ( Paudel, 2023) । त्यसैले त नेपालमा पनि सूचनाको हकलाई संविधानको मौलिक हक खण्ड मै समावेश गरिएको छ । नेपालको संविधान २०७२ को धारा २७ मा सूचनाको हक सम्बन्धी प्रावधानमा भनिएको छ, 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ । तर कानुन बमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी कसैलाई बाध्य पारिने छैन ।'

लोकतन्त्रको आधार अभिव्यक्ति स्वतन्त्रता हो । सचेत नागरिकले नै लोकतान्त्रिक कार्यप्रणालीमा सक्रिय सहभागिता जनाउन सक्छन् (Meiklejohn, 1948, as cited in Barendt, 2005) । अर्थात् राज्य सञ्चालनका क्रियाकलाप माथि नागरिकले स्वच्छ आलोचना गर्न पाउँछन् र पदासिनहरुलाई खवरदारी गर्न वा उनीहरुको निर्णयमा दृढ रहन टेवा दिइरहेका हुन्छन् ।

उदार लोकतन्त्रको प्रबुद्ध समाजका लागि विचार र निर्णय (निष्कर्ष)को आदान प्रदान गर्न सूचना, सञ्चार र बहस आवश्यक हुन्छन् (Kharel, 2012) । राज्यका निर्णय वा गतिविधिहरु माथि स्वच्छ आलोचना र बहसले त्यस्ता निर्णयको परिपक्वता र दीगोपना अभिबृद्धि हुनसक्छ । सरकारलाई जवाफदेही बनाउन सूचनाको स्वतन्त्रता एक औजार बन्न सक्ने कुरा नयाँ घटना हैन (Naib, 2021) । १८औं शताब्दिदेखि नै सूचनामा पहुँचको अधिकार शुरु भएको हो । स्विडेनले सन् १७६६ मा छापाखानको स्वतन्त्रता सम्बन्धी ऐन बनाएर सरकारी दस्तावेज जनताका लागि खुला गरेको थियो र सरकारी निकायबाट नागरिकले सूचना प्राप्त गर्नसक्ने प्रबन्ध गरेको थियो । यो प्रक्रिया अझै उन्नत हुने क्रममै छ ।

नेपालमा पनि वि.सं. २०३० को दशकको उत्तरार्धदेखि सूचनाको हकको वकालत हुन थालेको हो । जनपक्षीय राजनीतिज्ञ रुपचन्द्र विष्टले 'थाहा' अभियान चलाएका थिए । सबै जनताले आफू र आफ्नो जीविकासँग सम्बन्धित सूचना थाहा पाउनैपर्ने अभियान विष्टको थियो (थाहा, २०६२) । मूलतः उनको यो अभियान काठमाडौ र उनको निर्वाचन क्षेत्र मकवानपुर जिल्लामा ज्यादा केन्द्रित थियो ।

वि.सं. २०४६ सालको जनआन्दोलनपछि बनेको संविधानले मौलिक हकमा सूचनाको हकलाई समावेश गऱ्यो । तर यसको व्यवहारिक कार्यान्वयनका लागि कानुन बन्न १७ वर्ष लाग्यो । वि.सं. २०६४ सालमा लागू भएको सूचनाको हक सम्बन्धी ऐनले आफू र आफ्नो सरोकारको सूचना माग्न पाउने व्यवहारिक प्रबन्ध गऱ्यो । नेपालमा ऐन कार्यान्वयन भएको झन्डै डेढ दशकको अवधिमा सूचनाको हकसम्बन्धी अधिकारको कार्यान्वयनमा केही प्रगती भएपनि गुणात्मक विकास हुन बाँकी नै छ । सूचनाको हक सम्बन्धी ऐनका प्रावधानहरुमध्ये सूचनाको वर्गीकरण हुन सकेको छैन, कतिपय निकायले अझै पनि सूचना अधिकारी नियुक्त गरेका छैनन्, सार्वजनिक निकायले बीस वर्षअघिसम्मका सूचनालाई संस्थागत गर्न सकेका छैनन् । यो ऐन अझै पनि निजी क्षेत्रका संगठित संस्थाहरुमा वाध्यात्मक तवरमा लागू हुनसकेको छैन । ऐन कार्यान्वयनका लगि अनुकूल संयन्त्रहरु बन्न अझै बाँकी छ । तर सूचनाको हकको कार्यान्वयन क्रमशः भइरहेकै छ । सूचनाको हकको कार्यान्वयन, अभ्यास र प्रचलनलाई बढाउन राष्ट्रिय सूचना आयोग क्रियाशिल छ । कसैले कुनै पनि सार्वजनिक निकायबाट सूचना पाइन भनेर पुनरावेदन गर्ने निकाय आयोग हो । यसले सूचना उपलब्ध गराउन उपयुक्त आदेश जारी गर्दछ ।


## सूचना सदाचार (Information Integrity)

सूचनाको हक अन्तर्गत नागरिकले सूचना प्राप्त गर्दछन् । तर यससँग जोडिने अर्को विषय भनेको सूचना सदाचार हो । सूचना सदाचारले प्राप्त सूचना सामग्री, प्रक्रिया र प्रणालीको विश्वसनीयता, स्थिरता र शुद्धतालाई जनाउँछ । 'सूचना सदाचार त्यस्तो विषय हो जससँग व्यवसाय, सरकार र समाजका हरेक संस्थाको सरोकार रहन्छ । यसले तथ्याङ्क, सूचना प्रणाली, र ग्राहकहरू र तिनीहरूद्वारा प्रभावित संस्थाहरूको आयाम र विशेषताहरू समावेश गर्दछ (Geisler & et al., 2003)।' सूचना प्रविधिको विकाससँगै यसको प्रभाव व्यक्तिगत र संस्थागत रुपमा बढ्दै गएको छ । नयाँ प्रविधि र तिनले प्रशोधन गर्ने र त्यस्ता प्रविधिबाट प्राप्त हुने तथ्याङ्क र सूचनाको व्यवस्थापनका लागि उच्च चिन्ता छन् । उदाहरणको लागि प्राथमिक तहदेखि उच्च शैक्षिक तहले ज्यादा प्रयोग गर्ने विकिपीडियाको ज्ञान स्रोतमाथि प्राज्ञिक क्षेत्रमा चिन्ता व्याप्त छन् ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमका अनुसार 'सूचना सदाचारका लागि समसामयिक विषयवस्तु, सरकारी कार्यहरु, राजनीतिक खेलाडी र उनीहरुका धारणा एवं निर्णय प्रक्रियामा भरपर्दो, सन्तुलित र पूर्ण सूचनामा सार्वजनिक पहुँच आवश्यक पर्दछ (UNDP, 2022) ।' पहुँच र प्रवाहको विषयलाई सूचनाको हक सम्बन्धी अवधारणाले पनि उत्तिकै वकालत गर्दछ । त्यसैले सूचनाको स्वस्थ पारिस्थितिक प्रणाली (Healthy Informaion Ecosystem) कायम राख्न सूचना सामग्री, प्रक्रिया र प्रणालीको शुद्धता, स्थिरता र विश्वसनीयताद्वारा सूचना सदाचार निर्धारण गरिन्छ ।

अर्कोतर्फ संगठनात्मक सूचना प्रणालीमार्फत प्रवाह हुने सूचना र तथ्याङ्क (Data)को विशाल आकारका कारण अनेकखाले जटिलतामा निरन्तर वृद्धि भएको छ (Geisler & et al., 2003) । यो बढ्दो क्रमसँगै मिथ्या, विसंगती र प्रदुषित सूचनाको मात्रा बढ्दै गएको देखिन्छ, जुन सूचनामा भर पर्नसक्ने अवस्था रहदैन ।

व्यवस्थापिकीय अन्य महत्वपूर्ण निर्णय गर्दा सूचनाको प्रामाणिकतालाई पूर्वशर्त मानिन्छ । भरोसा वा विश्वास गर्नलायक सूचना विना नै कुनै निर्णयमा पुगिन्छ र थप योजना बुनिन्छ भने त्यो सफल हुने सम्भावना न्यून रहन्छ । सफल कारोवारका लागि पनि प्रामाणिक सूचना आवश्यक हुन्छ । सूचना सदाचारप्रति प्राज्ञिक चासो बढ्दै गएपनि यसले सैद्धान्तिक अवधारणाको स्वरुप लिने क्रममा छ । यस आलेखको सैद्धान्तिक अवधारणाका लागि एकातर्फ सूचनाको हकका प्रावधान र अर्कोतर्फ सूचना सदाचारका चरहरुलाई तलको चित्र अनुसार तय गरिएको छ ।




## अध्ययन विधि

यो आलेख मामिला अध्ययन (Case Study) र व्याख्यात्मक विधि अपनाएर तयार पारिएको छ । मामिला अध्ययन भनेको विशिष्ट परिस्थितिको अनुसन्धान हो । अनुसन्धान एकल व्यक्ति, व्यवसाय, घटना, वा समूहको हुनसक्छ । मामिला अध्ययन विवरणात्मक नै हुन्छ र यो सामाजिक विज्ञानको अनुसन्धानमा आधारभूत विधि पनि हो (King & et.al, 1994)। अनुसन्धानले विभिन्न विधिहरू प्रयोग गरेर व्यक्तिगत निकायको बारेमा गहिरो तथ्याङ्क सङ्कलन समावेश गर्दछ । सन् १९८० देखि स्वास्थ्य क्षेत्र, बजार शास्त्र, शिक्षा, वयवस्थापन, सूचना प्रणालीहरुमा मामिला अध्ययन लोकप्रिय हुँदै आएको छ (पौडेल, २०७९) । यस अध्ययनमा तीन वटा मामिला वा प्रकरणलाई आधार बनाएर विश्लेषण गरिएको छ ।

### प्रकरण १: ऋतिक रोशन काण्ड

वि.सं. २०५७ पुसमा भारतीय अभिनेता ऋतिक रोशनले 'नेपाल र नेपाली मन पर्दैन' भनेको हल्ला 'एक कान, दुई कान, मैदान' भने जस्तै गरी अराजक आन्दोलनमा परिणत भयो । यो हल्ला, रोशनको पुतला दहन हुँदै, हिन्दी गीत र सिनेमा बहिष्कार गर्दै राष्ट्रव्यापी बन्यो । वि.सं. २०५७ पुस ११ गते काठमाडौमा यो विरोधले अराजक स्वरुप लियो । क्षणभरमै फरक-फरक समुदायबीचको सद्भाव खलबलिएर निसानामा मधेसी समुदाय र भारतीय परे, उनीहरुविरुद्ध रंगभेदी आक्रमण भयो । ४ जनाको ज्यान गयो, दर्जनौ घाइते भए ।

### प्रकरण १ माथिको टिप्पणी

ऋतिक रोशन विरुद्धको प्रदर्शन र आन्दोलन व्यापक चर्चिएपछि नेपालमा यो अफवाह कहाँबाट आयो भन्ने खोजी हुँदा चितवनको चियापसलमा कुनै एक व्यक्तिबाट भएको रहेछ । त्यो चियागफलाई स्थानीय

पत्रिकाले समाचार बनाएको रहेछ । त्यसैका आधारमा बलिउड हिरोको पुतला दहन गर्दै केही युवाले प्रदर्शन गरे, उनका र हिन्दी सिनेमा बहिष्कार गर्न सिनेमा हलमा आक्रमण समेत भए । यी प्रदर्शन अन्य माध्यममा पनि समाचार बने । प्रदर्शनमा उत्रनेहरु युवा थिए, विभिन्न राजनीतिक दलका विद्यार्थी संगठनले यसलाई आन्दोलनकै रुपमा चर्काए । देशभर आन्दोलन फैलियो ।

नेपाल र भारतीय माध्यमले उनले कहाँ र कहिले बोले भन्ने व्यापक खोजी गरे । रोशनसँग अन्तर्वार्ता गरे, उनले नेपालबारे कुनै टिप्पणी नगरेको बताए । खोजीनिधी गर्दा पनि उनले नेपालीलाई होच्याएर बोलेको कहीँ कतै फेला परेन । हौवा बाहेक केही थिएन । आन्दोलन क्रमशः मत्थर भयो । तर यो आन्दोलनले केही दीर्घकालिन घाउ छाडेर गयो । निराधार वा तथ्यहीन कुरोमा समाज कसरी बहकिंदो रहेछ र समुदाय विशेष विरुद्ध केन्द्रित हुने रहेछ भन्ने कुराका लागि यो उपर्युक्त दृष्टान्त हो ।

नेपालका प्रमुख शहरहरुमा मधेसी समुदाय र भारतीय विरुद्ध आक्रमण भएकाले साम्प्रदायिक सद्भाव खलबल्यायो । त्यो समुदाय निकै सशंकित बन्यो । अहिले समुदायका नाममा वेग्लै राजनीतिक दलहरु क्रियाशिल छन् ।

भारत विरोधी मानसिकता पनि यो प्रकरणमा पोखियो । मनोरञ्जनका विषयवस्तुमा नेपालमा हिन्दी भाषा र च्यानलको प्रभाव धेरै छ । राज्यले कुनै आदेश नदिइकनै अराजक आन्दोलनको उद्वेगमा त्यसवेला प्रसारणमा रहेका सबै रेडियोले हिन्दी गीत प्रसारण गरेनन्, भारतीय टिभी च्यानल बन्द गरिए र सिनेमा हलमा हिन्दी सिनेमा बन्द गरिए । त्यसवेला नेपाल टेलिभिजन बाहेक अन्य नेपाली टिभी च्यानल थिएनन् । भारतले नेपाललाई हेप्छ भन्ने अधिकांश नेपालीको बुझाइका कारण पनि ऋतिक रोशन हौवा प्रकरणमा आन्दोलन चर्केको हो । मिडियाको कोणबाट हेर्ने हो भने मिथ्या सूचनाले कसरी समाजलाई तहसनहस पार्नसक्छ भन्ने दृष्टान्त हो यो ।

### प्रकरण २: मन्त्रीमण्डल छ महिनामा ११ पटक हेरफेर

वि.सं. २०७९ पुस ११ गते गठन भएको पुष्पकमल दाहाल ‘प्रचण्ड‘को मन्त्रीपरिषद २०८० जेठ ९ गते एघारौं पटक विस्तार एवं हेरफेर हुँदा पूर्णता पाएको देखिएको छ । अझैपनि फेरवदलका सम्भावना जीवितै छन् । छ महिनामा पटक पटक हेरफेर हुँदा पनि पूर्णता दिननसक्ने कस्तो राजनीतिक अभ्यास हो? मन्त्रीपरिषद विस्तार वा हेरफेरमा किन अलमल भन्ने बारेमा सूचना मागिएन र यसको जानकारी दिएर जवाफदेही बन्ने काम निर्वाचित प्रधानमन्त्रीले पनि गरेनन् । जनताले जान्न चाहेपनि तालुक व्यक्ति र निकाय, प्रधानमन्त्री र मन्त्रिपरिषद कार्यालय सर्वसाधारणको पहुँचमा छैनन् । राजनीतमा सुसंस्कृत अभ्यास बसाल्न किन सकिदैन?

### प्रकरण २ माथिको टिप्पणी

मन्त्रीमण्डलमा थपघट गर्ने कार्य प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट घोषणा गराइन्छ । तर यो काम कति पटक हुने भन्ने कतै सीमा तोकिएको छैन । पटक पटक मन्त्रीमण्डल विस्तार वा थपघट गर्दा सरकारले गती लिन नसकेको र प्रणालीमाथि नै अविश्वास पैदा हुनु अस्वाभाविक हैन । पटक पटक फेरबदल भइरहँदा शासकीय सक्षमतामाथि प्रश्न उठ्छ । २०७९ पुस ११ गते गठन भएको मन्त्रीमण्डल २०८० जेठ ९ गते ११ औं पटक विस्तार हुँदा पूर्णता पाएको छ ।[2] महिनौसम्म पनि मन्त्रिपरिषद फेरवदलमै समय विताइरहने? दुई दिनको अन्तरमै विस्तार गर्ने? यसले प्रणाली भित्रकै कार्यकुशलतामा शंका पैदा गरेको छ । यस मामिलामा जिम्मेवार रहने प्रधानमन्त्री वा सत्ता साझेदारका प्रमुख नेताहरु जवाफदेही छैनन् भन्ने देखाउँछ । अर्कोतर्फ न त उनीहरुले समयमै आफ्नो धारणा सार्वजनिक गर्छन्, न त प्रश्न गर्ने प्रेस वा सर्वसाधारणको पहुँचमा उनीहरु

---

[2] मन्त्रिपरिषद विस्तार वा हेरफेर भएका मितिहरुः २०७९ पुस ११ गते, माघ ३, १४ र २३ गते, फागुन १४ र १६ गते, चैत्र १७ गते, २०८० वैशाख ३, २१ र २४ गते, जेठ ९ गते ।

देखापर्छन् । राजनीतिक व्यवस्था र अभ्यास माथिको विश्वसनीयता, स्थिरता, पारदर्शीता र समयबध्दताका सवालमा यो प्रकरण मननयोग्य विषय हो ।

**प्रकरण ३ः नागरिकता भएकाले भोट हाल्न पाउने !**

वि.सं. २०७९ वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनको तीन दिन अगाडि नागरिकता हुने सबैले मतदान गर्न पाउने आशयमा सामाजिक सञ्जाल र केही अनलाइनहरुमा समाचार आएका आए । समाचारमा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियालाई उद्धृत गर्दै 'नागरिकता भएका सबैले मतदान गर्न पाउने व्यवस्था गरिएको' उल्लेख गरिएको छ । निर्वाचनको मौन अवधि शुरु हुनु अघि निर्वाचन तयारी बारे जानकारी दिन आयोगले गरेको पत्रकार सम्मेलनमा बोलेको हवला दिंदै समाचारमा लेखिएको छ, 'निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त थपलियाले नागरिकता भएका सबैले मतदान गर्न पाउने व्यवस्था गरिएको बताए।' मतदानका लागि परिचयपत्र अनिवार्य हो कि नागरिकताले पनि पाउने भन्ने प्रश्नमा उनले नागरिकता प्राप्त गरेका सवै नागरिकले मतदान गर्ने पाउने गरी व्यवस्था गरिएको बताए ।'

यस्तो समाचार प्रवाह गर्नेहरुः नेपालखवर नामको फेसबुक पेजले 'नागरिकता भएका सबैले भोट हाल्न पाउने', दैनिकअनलाइन डट कमले 'मतदाता परिचयपत्र नभएकाले पनि भोट हाल्न पाउने' र अन्य अनलाइन मिडिया र सामाजिक सञ्जालमा यस्तै शीर्षक र समाचारको व्योहोरा पनि उस्तै देखिन्छ । यस्ता समाचार सामाजिक सञ्जालमा भाइरल भए ।

**प्रकरण ३ माथिको टिप्पणी**

समाचार भाइरल बनाउने नाममा मिडिया र तिनका सामाजिक सञ्जालका ह्यान्डलबाट भ्रामक सूचना प्रवाह भयो । समाचारको स्रोतको रुपमा हवाला दिइएको पत्रकार सम्मेलनमा प्रमुख आयुक्तले बोलेको कुराको सबै र पूर्ण भनाइ उद्धृत गरिएन । मतदाता नामावलीमा समावेश भएका मतदाताले सरकारी निकायबाट जारी भएका अन्य परिचय पत्र (नागरिकता, राहदानी, जग्गा लालपूर्जा, राष्ट्रिय परिचय पत्र वा लाइसेन्स)का आधारमा मतदानमा भाग लिन पाउने आयुक्तको भनाइ थियो । तर नागरिकता भएकाले मतदान गर्न पाउने भन्ने व्योहोरामा जनमानसलाई भ्रमित पार्ने गरी समाचार प्रवाह भए । तथ्य जाँच गर्ने संस्था नेपाल तथ्य जाँचले पनि ती समाचार भ्रामक भएको उल्लेख गऱ्यो (श्रेष्ठ, २०७९ बैशाख २८)। वैशाख २८ गते साँझ निर्वाचन आयोगले विज्ञप्ती जारी गर्दै मतदाता नामावलीमा नाम समावेश भएकाले परिचय खुल्ने कागजात भिडाएर मात्रै मत दिन पाउने स्पष्ट गऱ्यो (निर्वाचन आयोग, २०७९ वैशाख २८) । नागरिकताकै आधारमा भोट हाल्न पाइने हो भने मतदाता परिचयपत्र किन? भनेर सामान्य सोचाइ राखेनन् । 'क्लिक वेट'[3] पत्रकारिता गर्नेहरुले बिकाउ शीर्षक राखेर भ्रमित सूचना प्रवाह गर्दछन्, ताकि उनीहरुको पोष्टमा क्लिक हुन सकोस् । डिजिटल दुनियाँमा मिथ्या सूचनाले ज्यादा पैसा फलाउँछ भन्ने मान्यता छ ।

**छलफल**

आम सरोकारको कुनै पनि सूचना सार्वजनिक सम्पत्ति हो । त्यस्तो सूचना लिने र दिने अधिकार नागरिकलाई हुने कुरा लोकतान्त्रिक मुलुकहरुले सुनिश्चित गरेका हुन्छन् । नेपालमा सूचनाको हकलाई संविधानको मौलिक खण्डमै समावेश गरिएकाले सार्वजनिक सरोकारको सूचना लिनदिन राज्य उदार छ भन्ने देखाउँछ । तर व्यवहारमा भने राज्य अझै उदार नभएको देखाउँछ । वि. सं. २०४७ को संविधान देखि नै सूचनाको हकलाई मौलिक हकको रुपमा स्विकारिए पनि त्यससम्बन्धी ऐन बन्न १७ वर्ष लाग्यो । ऐन बनेपछिको अहिलेसम्मको १६ वर्षको अवधिमा ऐनकै मुख्य प्रावधानको रुपमा रहेको सूचनाको वर्गीकरण हुन सकेको छैन ।

[3] आकर्षक शीर्षक, अतिरञ्जित विषयवस्तु, तस्विर, इन्फोग्राफिक्स प्रयोग गरेर सामाजिक सञ्जालहरुमा दर्शक पाठकलाई के रहेछ त हेरौं भनि क्लिक गर्नैपर्ने अवस्थामा पुर्याइएको हुन्छ । 'क्लिकको एल्गोरिदम' बाट धेरै दर्शक/पाठक तानेको आधारमा कमाइ निर्भर हुने भएकोले सम्प्रेषणकर्ताहरुले हल्काफुल्का विषयलाई बढाइचढाइ गरि प्रस्तुत गरेका हुन्छन् ।

सूचनामा सर्वसाधारणको पहुँच बढेको छैन र सूचना माग्ने संस्कार पनि विकसित भएको छैन । गएको आर्थिक वर्षमा सूचना पाइन भन्दै राष्ट्रिय सूचना आयोगमा पुनरावेदन गर्नेको संख्या १०८३ छ (राष्ट्रिय सूचना आयोग वार्षिक प्रतिवेदन, २०७८/०७९, पृ.पृ. ९-१०) । यसको अर्थ दुइटा हुन्छः कि त मागे जतिको सूचना सबै पाइएको छ, कि त नागरिक सूचना माग्न गएकै छैनन् । जानकारहरुका अनुसार आफू प्रत्यक्ष प्रभावित भएको खण्डमा बाहेक सूचना माग्ने संस्कार अझै विकसित भएको छैन । राष्ट्रिय सूचना आयोग गठन भएको वर्ष २०६५ देखि अहिलेसम्मका १४ वटा वार्षिक प्रतिवेदन हेर्ने हो भने सबैभन्दा धेरै उजुरी, गुनासो वा पुनरावेदन परेको आ.ब. २०७४/०७५ हो, जुन संख्या ११७६ मात्र छ ।

सार्वजनिक निकायले कम्तिमा बीस वर्षसम्मका आफ्ना सूचना अद्यावधिक गर्नुपर्ने कानुनी प्रावधान रहेपनि सूचना अर्काइभ गर्न सकेका छैनन् । उनीहरुले परिपक्व सूचना प्रदान गरेपनि प्रक्रियामा रहेका सूचना दिन आनाकानी गरिरहेका छन् (पौडेल, २०८० जेठ ३२) । सूचना माग्ने निवेदन अर्को निकायमा पठाइदिने चलन अझै बसेको छैन भने तेस्रो पक्षको सूचना दिइदैन । त्यस्तो सूचना कुनै कार्यालयमा आएको रहेछ भने पनि सो सूचना लिन सम्बन्धित कार्यालयमै पुग्न आग्रह गरिन्छ ।

अधिकतम सूचना प्रवाह गरी 'खुलापन र पारदर्शिता' स्थापना गर्ने नेपालमा सूचनाको हक सम्बन्धी ऐन, २०६४ र यससँग सम्बन्धित नियमावलीको लक्ष्य रहेपनि कहिले सूचना नभएको बताउने, सूचना माग्नेलाई नै हतोत्साही बनाइदिने र कहिले सूचनाको वर्गीकरण नभएको कारण देखाउँदै सूचना प्रवाहमा आनाकानी गर्ने फराकिलो अभ्यास छ (पौडेल, २०७८) । सार्वजनिक निकायका अधिकारीहरुमा सूचना नदिएर आफूलाई सुरक्षित ठान्ने प्रवृत्ति फराकिलो छ ।

अहिले मुलतः सरकारी निकायहरुले सूचनाको स्वतः प्रकाशन अभ्यासलाई अलि फराकिलो गरी प्रयोग गरेका छन् । तीन वर्षअघिसम्म सूचनाको हक सम्बन्धी ऐन अनुसार सूचना अधिकारी नियुक्त गर्ने आनाकानी गरेका निकायहरु अर्थ, परराष्ट्र, रक्षा, कृषि मन्त्रालय र नेपाली सेनाले पनि सूचना अधिकारी तोकेर सूचनाको हकसम्बन्धी ऐनअनुसार आफ्नो कार्यालयको त्रैमासिक विवरण सार्वजनिक गरेका छन् ।

अर्कोतर्फ सूचना सदाचारको सवालमा नेपालमा खासै बहस भएको छैन । आधिकारिक निकायले प्रमाणित प्रतिलिपि दिएपछि सूचनाको शुद्धता, विश्वसनीयता र स्थिरताका विषयमा अझै बहस हुन बाँकी छ । माथि उल्लेख गरिएका मामिला/ प्रकरणका आधारमा सूचना सदाचारको आयामलाई हेरौं ।

माथि उल्लिखित छलफललाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

| चरहरु | प्रकरण १ | प्रकरण २ | प्रकरण ३ |
|---|---|---|---|
| सूचना सामग्री | मिथ्या सूचना (Fake Information) विवरणमा आधारित | सत्य सूचना भएर पनि पूर्णताका बारेमा ठेगान नभएको । | भ्रामक सूचना ( Misleading Information) । |
| प्रक्रिया | सूचना र तथ्यको परीक्षण र पुनःपरीक्षण गर्नुपर्ने पत्रकारिताको सामान्य अभ्यास पनि नभएको । | नेपालको सन्दर्भमा प्रक्रियामा प्रवेश गर्नै नसक्ने सूचना । | सूचना स्रोत बारे उल्लेख गरे पनि अपूर्ण भनाइ समावेश गरिएको । |
| प्रणालीको विश्वसनीयता | मिथ्या सूचनालाई आधार मान्दै दलहरुमा विद्यार्थी संगठनहरु बहकिएर आन्दोलित भएका । सञ्चार माध्यम माथिको विश्वसनीयता खण्डित भएको । | व्यवस्थित ढंगले आधिकारिक निकायबाट समयमै सूचना सार्वजनिक नहुने अवस्थाले प्रणालीमाथिको भरोसा कमजोर । | निर्वाचन आयोगका काम विश्वसनीय देखिएपनि त्यस्तो सूचना प्रवाह गर्ने माध्यमको विश्वसनीयता खस्केको । |
| स्थिरता | मिथ्या सूचनाको पक्ष सकिएपछिका उपउत्पादन (By Product) | छोटो समयमै पटक पटक मन्त्रीमण्डल थपघट हुन्छ भन्ने | विश्वसनीयतामै खोट देखिदाँ सूचनाको स्थिरता कायम |

| | | | |
|---|---|---|---|
| | घटनाहरुको स्थिरता देखिएको । | कुराले राजनीतिक प्रणाली नै अस्थिर भएको झल्काउने । | हुन नसक्ने । |
| शुद्धता | सम्पूर्ण कोणबाट अशुद्ध । अफवाहको सूचनाले राज्यलाई लामो समयसम्म व्यस्त बनाउने (भलनबनभ) संभावना । | औपचारिक सूचनामा शुद्धता देखिएपनि समयमै कार्यसम्पादन नहुँदा अशुद्ध सूचना प्रवाह हुने जोखिम । | सूचनाको शुद्धता भन्दा मित्थ्या आँकडा र मनसाय घुलित हुँदा अभ्यास माथि नै शंका । |

माथिको तालिका अनुसार सूचनाको प्रदुषित वा विकृत अभ्यास हुनबाट जोगिन सूचना सदाचार कायम हुनु जरुरी छ । सदाचार कायम नभएको सूचनाले नीतिगत बहसमा सघाउ पुर्‍याउँदैन र उचित निर्णयमा पुग्न कुनै सहयोग गर्दैन ।

अर्कोतर्फ सूचना प्रवाह प्रक्रियामा संलग्न सार्वजनिक निकायका पदाधिकारीको भूमिका र कुशलता पनि मुख्य पक्ष हो । प्रकरण १ मा सूचना प्रवाहको गति हेर्दा 'मिथ्या सूचना' को जोखिख पक्ष उजागर भएको छ । पाठक/दर्शकमा मिडिया साक्षरताको कमीले अफवाह सूचना शेयर गर्ने प्रवृत्तिले भ्रमको खेती गर्नेहरुलाई सहयोग गरिरहेको हुन्छ । मिडिया साक्षरताले भरपर्दो माध्यम ब्राउज गर्ने, त्यसका विषयवस्तुलाई केलाउने, मूल्याङ्कन गर्ने र उपयोग गर्ने कुरामा ज्ञान, सिप, धारणा र अभ्यासको अपेक्षा राख्दछ । अर्को शब्दमा भन्ने हो भने स्रोतको आधिकारिकता पहिचान गर्नेसक्ने, विषयवस्तुको विश्वसनीयता र विश्लेषण गर्ने क्षमताको अपेक्षा राख्दछ । मिडिया साक्षरताको कुरा प्रकरण ३ मा पनि उत्तिकै लागू हुन्छ ।

सार्वजनिक निकाय सर्वसाधारणको पहुँच भन्दा टाढा रहन्छन् । प्रकरण २ मा महिनौसम्म राज्यको समय मन्त्रीमण्डल विस्तारमै व्यतित हुँदा सार्वजनिक जवाफदेही लिने कसले ? जवाफदेही लिनुपर्ने निकाय र व्यक्ति मौन रहन्छन् । समग्रमा यसले प्रणालीको कार्यकुशलतामा नै प्रभाव पारेको हुन्छ ।

प्रकरण ३ मा प्रक्रियागत रुपमा सबै कुरा सही भएपनि विषयवस्तुमा छलछाम भएको देखिन्छ । तथ्यजाँच गर्ने संस्थाले संवाभित जोखिमलाई आँकलन गर्दै यस्ता विषयवस्तु उठाइदिनाले भ्रमको खेती गर्नेहरुलाई रोक्न सफल भएको देखियो । तथ्यजाँचका रिपोर्टपछि आधिकारिक निकायले तत्कालै विज्ञप्ती जारी गर्दै प्रष्ट सूचना सार्वजनिक गरेको पाइयो ।

## निष्कर्ष

नेपालमा सूचनाको हकको कार्यान्वयनसँगै सूचना प्रवाहमा केही गतिशिलता देखिएको छ तापनि सूचना सदाचारको आयामबाट सार्वजनिक निकायहरु गंभिर देखिएका छैनन् । सूचनाको हकसम्बन्धी ऐनले निर्दिष्ट गरेपनि सूचनाको वर्गीकरण काम अझै हुननसक्नु सोचनीय विषय हो । सूचनाको स्वतः प्रकाशन गर्ने कामलाई थप व्यवसायिक बनाउनु पर्दछ । अहिलेसम्म कानुनको पालना गर्नकै लागि सीमित छ । अपवादका प्रावधानमा उदार हुँदै जानुको सट्टा झन् अनुदार बन्दै गएको आभास हुन्छ । पूर्णता नपाइसकेका र प्रक्रियामा रहेका गतिविधिका सूचना उदार ढंगले उपलब्ध गराइएको देखिदैन । यो प्रवृतिमा सुधार हुनु जरुरी छ । प्रशोधन भइसकेको सूचना सहजै प्राप्त गर्ने अवस्था रहेपनि प्रक्रियागत सूचना प्राप्त गर्न अझै पनि सहज अवस्था छैन । त्यसैगरी सूचना सदाचारको आयामबाट सूचना सामग्री, प्रक्रिया, विश्वसनीयता, स्थिरता र शुद्धतालाई हृदयंगम गर्दै सार्वजनिक निकायहरु गंभिर बन्नु जरुरी छ । समयमै परिपक्व सूचना उत्पादन र प्रशोधनका लागि सार्वजनिक निकायको व्यवस्थापन र सञ्चालन चुस्त बनाउनु जरुरी छ । सूचनाको महत्वलाई हृदयंगम गर्दै सार्वजनिक निकायहरु सूचना लिने र दिने प्रक्रियामा थप सक्रिय बन्नु आवश्यक छ ताकि विकार सूचना र सूचना प्रदुषण कम गर्न सकियोस् । यसका साथै सञ्चार माध्यमहरु पनि थप जिम्मेवार बनेर सूचनाको प्रामाणिकतासहित प्रस्तुत हुनु अनिवार्य छ र उनीहरु अफवाह फैलाउने माध्यम नबनुन् ।

## सन्दर्भ सामग्री

थाहा (२०६२). थाहाः निष्पक्ष सक्रियताको अभ्यास. रुपचन्द्र विष्ट स्मारक समिति, नेपाल । https://thaha-rudane.org/

निर्वाचन आयोग (२०७९, वैशाख २८) । परिचय खुल्ने कागजातबाट मतदान गर्न पाउने । https://election.gov.np/np/

पौडेल, नरेन्द्र (२०७९) । जनप्रशासन विधामा मामिला अध्ययनः शिक्षण सिकाइ विधि । पैरवी प्रकाशन

पौडेल, श्रीराम (२०८०) । सूचना सदाचार र सूचनाको हक । सेन्टर फर मिडिया रिसर्च, नेपाल

पौडेल, श्रीराम (२०८०, जेठ ३२) । प्रधानमन्त्री कार्यालयमै सूचना लिन सकस! । पहिलोपोष्ट डट कम । https://pahilopost.com/content/20230615113441.html

पौडेल, श्रीराम (२०७८, पुस) । नेपालमा सूचनाको हक सम्बन्धी ऐनको कार्यान्वयनको स्थिति । सेन्टर फर मिडिया रिसर्च, नेपाल

श्रेष्ठ, उमेश (२०७९, वैशाख २८) । तथ्यजाँच भ्रामक सूचनाः नझुक्किनुस्, मतदाता नामावलीमा नाम नहुनेले नागरिकता हुँदैमा मत दिन पाउँदैनन् । https://nepalfactcheck.org/2022/05/localelection2079/

Geisler, E., Prabhaker, P. & Nayar, M. (2003). *Information integrity: An emerging field and the state of knowledge*. Conference paper. Conference on Management of Engineering and Technology Management for Reshaping the World, 2003. Doi: 10.1109/PICMET.2003.1222797

Kharel, P. (2012). *Media for participatory democracy*. Kamala Kharel.

King, G., Keohane, R. O. and Verba, S. (1994). *Designing Social Inquiry*. Princeton University Press.

Meiklejohn, A. (1948). *Free speech and its relation to self-government*. Harper Brothers Publishers.

Naib, S. (2011). *The right to information Act, 2005: A handbook.* Oxford University Press.

Paudel, S. (2023). *Right to information policy implementation in Nepal*. Tribhuvan University [PhD Dissertation]. Unpublished report.

UNDP (2022, February). *UNDP strategic guidance: Information integrity: Forging a pathway to Truth, Resilience and Trust*. p. 4